# प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना:** राष्ट्रसेवक कर्मचारीको मनोवल उच्च बनाई गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणका कार्यमा प्रभावकारीता ल्याउन प्रदेश निजामती सेवा पुरस्कारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-,

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम पुरस्कारका लागि सिफारिस गर्न गठित सिफारिस समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "कार्यालय प्रमुख" भन्नाले गण्डकी प्रदेश सरकार मातहतका सबै मन्त्रालय/सचिवालय/आयोग/निकाय/विभाग तथा मातहतका कार्यालयका कार्यालय प्रमुखलाई सम्झनु पर्छ।

(ग) "पुरस्कार" भन्नाले दफा ३ बमोजिमको पुरस्कार सम्झनु पर्छ।

(घ) "प्रदेश सचिव" भन्नाले प्रदेश सरकारका मन्त्रालयका प्रदेश सचिव सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमका समिति सम्झनु पर्छ।

३. **पुरस्कारको किसिमः** (१) प्रदेश सरकारले प्रदेश सरकारको सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई देहाय बमोजिम पुरस्कार प्रदान गर्न सक्नेछः

| क्र.सं. | पुरस्कारको नाम | सङ्ख्या | पुरस्कार रकम |
|---|---|---|---|
| १. | विशिष्ट प्रदेश निजामती कर्मचारी पुरस्कार | १ जना | रु.१,००,०००/- र प्रमाण पत्र |
| २. | सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार | १ जना | रु १,००,०००/- र प्रमाण पत्र |
| ३. | उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार | २ जना | रु ७५,०००/- र प्रमाण पत्र |
| ४. | प्रदेश निजामती सेवा पुरस्कार | १७ जना | रु ५०,०००/- र प्रमाण पत्र |
| ५. | प्रोत्साहन पुरस्कार | १६ जना | रु २५,०००/- र प्रमाण पत्र |

४. **पुरस्कार सिफारिसका आधारः** (१) समितिले देहायको पुरस्कारको लागि सिफारिस गर्दा ज्येष्ठता, भौगोलिक अनुभव, कार्यकुशलता, व्यावसायिकता, नेतृत्वशैली, दक्षता, सृजनशीलता र लगनशीलताका अतिरिक्त देहाय बमोजिमका आधार लिनुपर्नेछः-

(क) सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारका लागिः-

(१) निजामती सेवाको स्थायी पदमा दश वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको,

(२) प्रदेश सरकारको सेवामा छ महिनाभन्दा बढी समयदेखि काम गरेको,

(३) पछिल्लो पाँच वर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

(४) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

(५) निजको नाममा व्यक्तिगत बेरुजु नदेखिएको,

(६) पुरस्कारका लागि सिफारिस हुने वर्ष तथा अघिल्लो पूरा वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको।

(ख) उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार र प्रदेश निजामती सेवा पुरस्कारका लागिः-

(१) निजामती सेवाको स्थायी पदमा दुई वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको,

(२) प्रदेश सरकारको सेवामा एक वर्षभन्दा बढी समयदेखि काम गरेको,

(३) कार्यसम्पादन मूल्याङ्कनमा शत प्रतिशत अङ्क प्राप्त गरेको,

(४) कुनै पनि विभागीय सजाय नपाएको,

(५) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

(६) निजको नाममा व्यक्तिगत बेरुजु नरहेको,

(७) पुरस्कारका लागि सिफारिस हुने वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको।

(२) प्रदेश सरकारको सेवामा छ महिनाभन्दा बढी समयदेखि उत्कृष्ट कार्यसम्पादन गरेको विशिष्ट श्रेणी वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई प्रदेश सरकारले विशिष्ट प्रदेश निजामती सेवा पुरस्कार प्रदान गर्न सक्नेछ।

(३)प्रदेशमा छ महिनाभन्दा बढी समयदेखि उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रदेश सरकारले प्रोत्साहन पुरस्कार दिन सक्नेछ।

५. **पुरस्कार सिफारिसको सीमाः** मन्त्रालय/आयोग/सचिवालयले पुरस्कार सिफारिस गर्दा देहायको सीमाभित्र रही गर्नुपर्नेछः-

(क) कर्मचारी संख्या ३०० जनासम्म भएकोमा - ७ जनासम्म

(ख) कर्मचारी संख्या ३०१ देखि ५०० जनासम्म भएकोमा - ८ जनासम्म

(ग) कर्मचारी संख्या ५०१ देखि १००० जनासम्म भएकोमा - ९ जनासम्म

तर उल्लिखित कर्मचारीको दरवन्दी रहेको संगठनहरुमा कम्तिमा ५०% पदपूर्ति भएको हुनु पर्नेछ।

६. **सिफारिस समितिः** (१) पुरस्कारको लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) प्रदेश सरकार अन्तर्गत स्वीकृत दरबन्दीमा कार्यरत अधिकृतस्तर दशौं तह वा सो सरहसम्मका कर्मचारीहरूलाई पुरस्कारको लागि सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः

| | | |
|---|---|---|
| १. | प्रमुख सचिव, प्रदेश सरकार | अध्यक्ष |
| २. | प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ३. | मुख्यमन्त्रीले तोकेको प्रदेश सरकारको १ जना प्रदेश सचिव | सदस्य |
| ४. | राजपत्राङ्कित प्रथम श्रेणीको पदबाट सेवा निवृत कर्मचारी मध्येबाट मुख्यमन्त्रीले तोकेको व्यक्ति | सदस्य |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन तथा बैठक महाशाखा प्रमुख | सदस्य सचिव |

(ख) प्रदेश सरकारका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारीलाई पुरस्कृत गर्नका लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः

| | | |
|---|---|---|
| १. | प्रदेश लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य | अध्यक्ष |
| २. | प्रदेश सरकारका प्रमुख सचिव | सदस्य |
| ३. | कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणीबाट सेवा निवृत्त कर्मचारी मध्ये मुख्यमन्त्रीले तोकेको व्यक्ति | सदस्य |

तर प्रदेश लोकसेवा आयोग गठन नहुँदासम्म मुख्यमन्त्रीले तोकेको प्रदेश सरकारका मन्त्रीले अध्यक्षको रुपमा कार्य गर्ने छ।

(२) पुरस्कारको लागि सिफारिस हुने प्राविधिक कर्मचारीको सिफारिसका लागि समितिले आवश्यक ठानेमा सम्बन्धित सेवा/ समूह मिल्ने राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले बैठक सम्बन्धी कार्यविधि आँफै निर्धारण गर्न सक्नेछ।

(४) समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

७. **<u>पुरस्कारको सिफारिस तथा निर्णयः</u>** (१) पुरस्कारको लागि सिफारिस गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः

(क) पुरस्कारको लागि सिफारिस गरिने कर्मचारी कार्यरत कार्यालय प्रमुखले अनुसूची-१ बमोजिमको फाराम सम्बन्धित कर्मचारीबाट भराई विवरण प्रमाणित हुने कागजात संलग्न राखी प्रमाणित गरी तालुक मन्त्रालयमा सिफारिस साथ पौष मसान्तसम्म पठाउनु पर्नेछ।

(ख) मन्त्रालय/सचिवालय/आयोगका सचिवले मातहतका निकायबाट खण्ड (क) बमोजिम प्राप्त सिफारिस तथा आफ्ना कार्यालयका कर्मचारीहरुको मूल्याङ्कन गरी दफा ५ बमोजिमको संख्यामा ननाघ्ने गरी माघ महिनाको पहिलो हप्ताभित्र समितिको सचिवालयमा सिफारिस गरी पठाउनु पर्नेछ।

(ग) समितिले प्राप्त सिफारिस र प्रस्तावित पुरस्कार समेत विचार गरी उपयुक्त ठहरयाएको कर्मचारी र उपयुक्त ठहराएको पुरस्कार सिफारिस गरी माघको चौथो हप्ताभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

(२) प्रदेश सरकारले समितिबाट प्राप्त नाम समेतलाई विचार गरी उपयुक्त कर्मचारीलाई उपयुक्त पुरस्कार दिने निर्णय गर्न सक्नेछ।

८. **<u>पुरस्कार वितरणः</u>** (१) पुरस्कारका लागि आवश्यक रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सालबसाली बजेटमा व्यवस्था गरिनेछ।

(२) प्रत्येक वर्ष प्रदेश सरकार स्थापना दिवसको अवसरमा पुरस्कार घोषणा गरी उपयुक्त समयमा वितरण गरिनेछ।

९. **<u>खारेजी र बचाउः</u>** (१) प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची-१

(दफा ७ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

## प्रदेश निजामती सेवा पुरस्कारको लागि सम्भाव्य कर्मचारीले भर्ने फाराम

मैले देहाय बमोजिमको विवरण र पुष्टयाई गर्ने प्रमाणित कागजात सहित प्रदेश निजामती सेवा पुरस्कारको सिफारिसका लागि पेश गरेको छु।

१. कर्मचारीको नाम, थरः संकेत नं.:
२. हालको पदः कार्यरत कार्यालयः
३. निजामती सेवाको स्थायी पदमा प्रवेश गरेको मितिः
४. प्रदेश सरकारको सेवामा प्रवेश गरेको मितिः
५. भौगोलिक अनुभवः
६. निजामती सेवामा......वर्ष काम गरिसकेको छु। प्रदेश सरकार मातहत.....वर्ष सेवा गरिसकेको छु।
७. मैले विभागीय सजाय पाएको छैन।
८. सम्पती विवरण नियमित रुपमा पेश गरेको छु।
९. मेरो नाममा व्यक्तिगत बेरुजु छैन।
१०. मैले असाधारण विदा लिएको छैन। मैले मिति............मा......दिन असाधारण विदा लिएको छु।
११. मैले अध्ययन विदा लिएको छैन। मैले मिति..............मा.....दिन अध्ययन विदा लिएको छु।
१२. म गयल कट्टीमा परेको छैन।
१३. मेरो नाममा प्रशासनिक र असुल उपर गर्नु पर्ने बेरुजु छैन।
१४. मैले हालसम्म सरुवा हुँदा नियमानुसार बरबुझारथ गरेको छु।

उक्त व्यहोरा सत्य हो। पुरस्कारको लागि सिफारिस भएमा पुरस्कृत भएपछि पनि उक्त व्यहोरा झुठा ठहरे पुरस्कार फिर्ता गर्नका साथै कानून बमोजिम सजाय व्यहोर्ने छु।

**निवेदकः**

दस्तखतः

कर्मचारीको नाम, थरः

मितिः

देहायका आधारमा निवेदक कर्मचारी.................................लाई पुरस्कारको लागि सिफारिस गरेको छुः-
(क)
(ख)
(ग)

सम्बन्धित कार्यालयको प्रमुखको
दस्तखतः
दर्जा, नामथरः
मितिः                                        कार्यालयको छाप

देहायका आधारमा निवेदक कर्मचारी.................................लाई पुरस्कारको लागि सिफारिस गरेको छुः-

सम्बन्धित मन्त्रालय/आयोग/सचिवालयको प्रमुखको
दस्तखतः
दर्जा, नामथरः
मितिः                                        कार्यालयको छाप

**अनुसूची-१**

(दफा ७ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

# प्रदेश निजामती सेवा पुरस्कारको लागि सम्भाव्य कर्मचारीले भर्ने फाराम

मैले देहाय बमोजिमको विवरण र पुष्टयाई गर्ने प्रमाणित कागजात सहित प्रदेश निजामती सेवा पुरस्कारको सिफारिसका लागि पेश गरेको छु।

१. कर्मचारीको नाम, थरः संकेत नं.:

२. हालको पदः कार्यरत कार्यालयः

३. निजामती सेवाको स्थायी पदमा प्रवेश गरेको मितिः

४. प्रदेश सरकारको सेवामा प्रवेश गरेको मितिः

५. भौगोलिक अनुभवः

६. निजामती सेवामा......वर्ष काम गरिसकेको छु। प्रदेश सरकार मातहत.....वर्ष सेवा गरिसकेको छु।

७. मैले विभागीय सजाय पाएको छैन।

८. सम्पती विवरण नियमित रुपमा पेश गरेको छु।

९. मेरो नाममा व्यक्तिगत बेरुजु छैन।

१०. मैले असाधारण विदा लिएको छैन। मैले मिति............मा......दिन असाधारण विदा लिएको छु।

११. मैले अध्ययन विदा लिएको छैन। मैले मिति..............मा.....दिन अध्ययन विदा लिएको छु।

१२. म गयल कट्टीमा परेको छैन।

१३. मेरो नाममा प्रशासनिक र असुल उपर गर्नु पर्ने बेरुजु छैन।

१४. मैले हालसम्म सरुवा हुँदा नियमानुसार बरबुझारथ गरेको छु।

१५. अन्य

उक्त व्यहोरा सत्य हो। पुरस्कारको लागि सिफारिस भएमा पुरस्कृत भएपछि पनि उक्त व्यहोरा झुठा ठहरे पुरस्कार फिर्ता गर्नका साथै कानून बमोजिम सजाय व्यहोर्ने छु।

**निवेदकः**

दस्तखतः

कर्मचारीको नाम, थरः

मितिः

देहायका आधारमा निवेदक कर्मचारी...............................................लाई पुरस्कारको लागि सिफारिस गरेको छुः-

(क)

(ख)

(ग)

**सम्बन्धित कार्यालयको प्रमुखको**

दस्तखतः

दर्जा, नामथरः

मितिः कार्यालयको छाप

देहायका आधारमा निवेदक कर्मचारी............................................लाई पुरस्कारको लागि सिफारिस गरेको छुः-

**सम्बन्धित मन्त्रालय/आयोग/सचिवालयको प्रमुखको**

दस्तखतः

दर्जा, नामथरः

मितिः कार्यालयको छाप